# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८१।०९।२०

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ पर्सा शाखाका सदस्य एवं सिधाकुरा डटकमका पत्रकार जियालाल साहलाई लक्षित गर्दै सामाजिक सञ्जालमार्फत दिइएको धम्कीप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

महासंघ मधेस प्रदेश समितिका अनुसार पर्साको सखुवाप्रसौनीमा आयोजित एक कार्यक्रममा विवादास्पद पृष्ठभूमिका व्यक्तिलाई पार्टीमा प्रवेश गराएको विषयमा सिधाकुरा अनलाइनमा २०८१ पुस १४ गते आइतबार समाचार प्रकाशन भएको थियो ।

सोही समाचारको विषयलाई लिएर पत्रकार साहको फोटो नै राखेर केही व्यक्तिहरुले सामाजिक सञ्जालमा धम्कीपूर्ण र बदनाम गराउने स्टाटस लेखेको प्रदेश समितिले जनाइएको छ ।

सामाजिक सञ्जालमा विचार अभिव्यक्त गर्नु र टीकाटीप्पणी हुनु व्यक्तिको अभिव्यक्ति स्वतन्त्रता हो । तर, अभिव्यक्ति स्वतन्त्रताको नाममा पत्रकारलाई असुरक्षित गराउने र चरित्रमा ठेस पुर्‍याउने क्रियाकलाप हुनु अत्यन्त निन्दनीय र सामाजिक अपराध हो ।

महासंघ पत्रकारलाई हतोत्साहित र बदनाम बनाउने हर्कतमा संलग्न व्यक्तिको तत्काल पहिचान गरी आवश्यक कानुनी कारवाहीको प्रक्रिया अगाडि बढाएर पत्रकारलाई सुरक्षा र स्वतन्त्रताको प्रत्याभूति दिलाउन सम्बन्धित निकायसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org